नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार,काठमाडौं ,

टेलिफोन : ०१-४२००२७४
०१-४२००३१६
फ्याक्स : ०१-४२००३२६

प.सं.

च.नं.:

## प्रेश विज्ञप्ती

राज्यले जेष्ठ नागरिक, एकल महिला, दलित,लोपोन्मुख, आदिवासी जनजाति, अशक्त एवं अपाङ्गता भएका नागरिक, पिछडिएको क्षेत्र र दलितवालबालिकाको सामाजिक एवं मानवीय विकासका लागि सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउँदै आइरहेको छ । केन्द्रीय पञ्जीकरण विभागबाट स्थानीय तहवाट अध्यावधिक भएको अभिलेखका आधारमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण र भत्ता एकिन गरी अर्थ मन्त्रालयबाट समयमै सम्वन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयमा अख्तियारी पठाइएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित गर्नका लागि हाल सम्म २३,२६,६९५ लाभग्राहीहरुको विवरणMISमा अध्यावधिक भइसकेको छ भने चालू आ.व.०७४।७५ को लागि हाल सम्म रु.३९ अर्ब ७४ करोड निकासा भएकोमा रु.३७ अर्ब ८९ करोड मात्र खर्च भई रु.१ अर्ब ८५ करोड अझै पनि कोष तथा लेखा नियन्त्रण कार्यालयमै संचित रहेको देखिन्छ ।

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १४(९) तथा १५ बमोजिम नपुग रकम चैत्र मसान्त भित्र माग गरी तेश्रो किस्ताको रकम जेष्ठ १ देखि दोश्रो हप्ता भित्र वितरण गरी असार २५ गते फछ्र्यौट समेत गरी सक्नुपर्नेमा कतिपय स्थानीय तहहरुले हालसम्म लाभग्राहीहरुको विवरण अध्यावधिक नगरी नपुग भत्ता रकम माग गरेको प्रति मन्त्रालयको ध्यानाकर्षण भएकोले निम्नानुसार गर्न गराउन सबै स्थानीय तहहरुलाई अनुरोध गरिएको व्यहोरा जानकारी गराइन्छ ।

१. स्थानीय तहको माग बमोजिम सामाजिक सुरक्षा भत्ता रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रण कार्यालय मार्फत निकासा गइसकेको छ । उक्त रकम अविलम्व निकासा लिई आर्थिक वर्षको असार मसान्त भित्र वितरण गर्न र खर्च नभएको रकम नेपाल सरकारको खातामा फिर्ता गर्नुहुन ।

२. सामाजिक सुरक्षा भत्ता वितरणको प्रगति प्रतिवेदन सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २९(च) अनुसार अनिवार्य रुपमा केन्द्रीय पञ्जीकरण विभागमा पठाउनुहुन ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण सोही कार्यविधिको दफा १८(क) बमोजिम MISप्रणालीमा अध्यावधिक गर्नुहुन ।

४. बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेका स्थानीय तहले आगामी आ.व.२०७५।७६ को श्रावण १५ गते सम्म MIS प्रणालीमा हिसाव मिलान गर्नुहुन ।

५. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५(आ) बमोजिम चालु आर्थिक बर्षको बाँकी सामाजिक सुरक्षा भत्ता रकम आगामी आर्थिक बर्षमा भुक्तानी गर्न नमिल्ने हुँदा सबै लाभग्राहीहरुले चालु आर्थिक बर्ष भित्र नै भत्ता प्राप्त गर्ने व्यवस्था गर्नुहुन ।

मिति २०७५।०३।२५

...................................

पुरुषोत्तम नेपाल

सहसचिव

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय